# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

## शुभकामना

विजया दशमी तथा शुभ-दीपावली एवम् छठ पर्व २०७५ को अवसरमा हाम्रा सम्पूर्ण ग्राहक, पाठक, विज्ञापनदाता, लेखक, समर्थक तथा शुभचिन्तक एवं देश विदेशमा रहनुहुने नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

वर्गदृष्टि साप्ताहिक परिवार

(हाम्रो आगामी भेट कात्तिक १२ गते मात्र हुनेछ । -सं.)

वर्ष ३ अङ्क १८ पूर्णाङ्क ११६ | २०७५ असोज २९ गते सोमबार | Monday, Oct. 15, 2018 | पृष्ठ ८+४ = १२ | मूल्य रु. १०।-

# ईपीजीको नियत सार्वजनिक हुन जरूरी

● वर्गदृष्टि संवाददाता



काठमाडौं । नेपाल सरकारले नेपालको तर्फबाट गठन गरेको डा. भेषबहादुर थापाको नेतृत्वमा रहेको नेपाल-भारत प्रवुद्ध समूह (इपीजी) को नियत सार्वजनिक गर्न सर्वसाधरण जनताले माग गरेका छन् । देशको सीमा तथा राष्ट्रिय स्वाभिमानसँग जोडिएका सवालहरूमा आम जनताको चासो रहनु स्वभाविकै हो । किनकि मिचिएका भनिएका सीमाहरूमा लाखौं नेपालीहरू घरबारबिहीन भएका छन् । उनीहरू देशमा यदि कुनै सरकार छ भने आफ्नो लुटिएको भूमि फिर्ताहुने समय पर्खेर पनि बसिरहेका छन् ।

तर समाचार त्यति सुखद र सकारात्मक हुने भने देखिएको छैन । ईपीजीको गठन मिचिएका सीमाहरू फिर्ता गरी समस्या समाधान गरिनका लागि नभएको खुलस्त हुँदै गएको छ । बरु मिचिएका सीमा र जमीन भारतमा परेको स्वीकार गर्ने गरी यसको गठन गरिएको आशंका जनतामाझमा झांगिदै गएको छ । प्रधानमन्त्री ओलीले सन् १९५० देखिका सबै असमान सन्धिसंझौताहरू कार्यान्वयन गरिने भनेर दिल्लीमा कबोल गरेर आइसकेपछि सोही बोलकबोल अनुसार नेपालको ईपीजीलाई थप निर्देशन गरिएको थियो ।

यो निर्देशन के थियो भन्ने कुरा अहिले छर्लंग भएको छ । मिचिएका सीमाहरू भारतमा पारिएका छन् । कालापानी, लिम्पियाधुरा र लिपुलेक भारतमा पारिएका छन् । ७१ ठाउँमा मिचिएका सीमाहरू सबै भारतमा पारिएका छन् । र, गर्दागर्दा त सीमा मिचिएका नक्कली नक्साहरू प्रम ओलीदेखि स्थानीय सरकारका कार्यालयहरूमा समेत झुण्ड्याइएका छन् । निशान छापमा कालापानी नै गायब पारिएको छ । यस्तो अवस्थामा नेपालको तर्फबाट गठित ईपीजीले जनताका माझमा यसको नियत सार्वजनिक गर्नु अति आवश्यक छ । देशको स्थिति नै के हुने भन्ने बेलामा गठित ईपीजीले देशका बारेमा जनतालाई गुमराहमा राख्नु ...बाँकी २ पेजमा

## जनमतको खिल्ली उडाउँदै नेकपा

काठमाडौं । ओली-दाहालको नेतृत्वमा रहेको नेकपाले नेपाली जनताले दिएको जनमतको खिल्ली उडाउँदै रामवीर मानन्धरलाई राजीनामा गर्न लगाएको छ । केन्द्रीय कार्यालय धुम्बाराहीमा बोलाएर करोडौं अफर गर्दै उनलाई आफ्नै पार्टीका प्रधानमन्त्री र दोस्रो अध्यक्ष दाहालले राजीनामा दिन लगाएका थिए । पैसाको प्रलोभनमा परेका रामवीर मानन्धरले आफ्ना कार्यकर्ता र जनतासँग केही पनि रायसल्लाह नलिएर धुम्बाराही पुगी आफ्नो राजीनामा ओली दाहालको हातमा पारेका थिए । वामदेवलाई सरकारमा लैजाने नाममा रामवीरलाई दाहालको योजना र प्रम ओलीको समर्थनमा रामवीरलाई यसरी पसाइएको थियो ।

सुटुक्क पैसा बुझी आफ्नो राजीनामा चढाएका रामवीर त्यतिबेला छाँगाबाट खसेका झैं भए जतिबेला उनका काठमाडौं-७ का ...बाँकी २ पेजमा

## वर्गदृष्टि ग्राहक अभियान जारी

काठमाडौं । वर्गदृष्टि प्रकाशन प्रा.लि.बाट प्रकाशित हुँदै आइरहेको वर्गदृष्टि साप्ताहिकको ग्राहक अभियान काठमाडौंमा सुरु भएको छ । शुक्रवार दिउँसो भोटाहिटी चोकबाट सुरु गरिएको उक्त अभियान असन, इन्द्रचोकहुँदै न्युरोडसम्म विस्तार गरिएको थियो । पत्रिकाको ग्राहक विस्तार अभियान अन्तर्गत काठमाडौंमा यो अभियान सुरु गरिएको हो ।

वर्गदृष्टि साप्ताहिक अभियान देशैभर चलिरहेको यसका सम्पादक ईन्द्र राउतले जानकारी दिएका छन् । उनका अनुसार यो अभियान जनताका घरदैलोमा पुर्‍याउन सम्बन्धित सबै पक्षहरू लागि परेको र पार्टी संगठनले पूरा सहयोग गरिरहेको छ । पार्टी तथा पार्टी मातहतका जनवर्गीय संगठनहरू यसमा सहभागी भएको बताइएको छ ।

प्रकाशक रामसिंह बुढाथोकी भन्छन्- 'हामीहरूले यो अभियान देशैभर चलाएका छौं । पार्टीको प्रकाशनका रूपमा यसलाई थप स्थापित गर्ने हामीहरूको उद्देश्य रहेको छ । देशको राष्ट्रिय स्वाभिमान धराशायी हुँदै गएको बेला, जनताका जनजीविकामाथि दलाल, ...बाँकी २ पेजमा

# नेविसंघ विवादले थलिएको कांग्रेस

काठमाडौं । नेपाल विद्यार्थी संघमा प्रस्तावित नयाँ विधानमा ३२ वर्षको उमेर हदलाई लिएर यसको माउ पार्टी नेपाली कांग्रेसमा विवाद चुलिएको छ । मिनि पार्टीका रूपमा लिइने नेविसंघभित्र कसको र कुन गुटको पकड रहने भन्ने विवादले नेपाली कांग्रेस पार्टीका नेताहरूबीचमा नै बोल बाराबारको अवस्था सिर्जना हुन गएको छ ।

लामो समयदेखि पार्टीको आन्तरिक विवादका कारण कहिल्यै पनि सर्वसम्मत निर्णय गर्न नसकेको नेपाली कांग्रेस आफ्नो भातृ संगठन विवादका कारण फेरि थप विवादमा पर्न पुगेको हो । लामो समयदेखि निरन्तर चल्दै आएको गुटगत मनोमालिन्य नेविसंघमा ३२ वर्षको उमेर हद राखिंदा पनि अन्त्य हुन सकेन । बरु यसले सिंगो पार्टी पंक्तिलाई नै जाम बनाएको छ ।

पहिलेको जस्तो जीवनभर विद्यार्थी पनि रहन नसक्ने र विश्व विद्यालयहरूमा सेमेस्टर प्रणाली लागू भइसकेकाले २० देखि २५ वर्षको उमेरसम्म स्नातकोत्तर पढाइ सकिने भएकाले ३२ वर्षको उमेर हद पनि विद्यार्थीका लागि धेरै पछिसम्मको सहुलियत जस्तै भएको कांग्रेसी नेताहरू बताउँछन् । यो उमेरहदका विषयमा सबैजसो नेताहरू सकारात्मक नै रहेका छन् । तर कसको मान्छे नविसंघको अध्यक्ष र पदाधिकारीमा राख्ने भन्ने आन्तरिक आशयले यहाँ निकै काम गरेको देखिन्छ ।

भ्रातृसंगठन नेविसंघको विषयलाई लिएर वैठक बहिस्कार र भनाभनको स्थिति पनि पैदा भएको छ । पार्टी केन्द्रमा यस्तो खाले गाईजात्रा देखेपछि नेविसंघका विद्यार्थी नेताहरूले आफूहरूले एकमतका साथ विधान पारित गरेर ल्याउने र त्यसलाई पार्टीले मानिदिनुपर्ने सर्तहरू अघि सारेका छन् । विद्यार्थी नेताहरूको यो प्रस्ताव पनि गुटहरूमा विभक्त कांग्रेसी नेताहरूका लागि 'मुखभित्रको तातोआलु' हुन पुगेको छ ।

पार्टीभित्र पनि पार्टी सभापतिको कार्यशैलीप्रति असन्तुस्टी जनाउँदै आएका पौडेल-सिटौलापछि महामन्त्री कोइराला पनि थपिन पुगेपछि सभापति देउवा केही पनि सोच्न र गर्न नसकिने अवस्थामा पुगेका छन् ।

### निर्मला हत्या प्रकरण

# प्रहरीभित्रै गम्भीर अनुसन्धान



काठमाडौं । भीमदत्त नगरपालिका-२ की १३ वर्षीया निर्मला पन्त बलात्कार तथा हत्या प्रकरणको अनुसन्धान विस्तृत रूपमा गरिन थालिएपछि गृहका २६ जना प्रहरीमाथि पनि कडा निगरानी राखिएको बताइएको छ । निर्मला बलात्कार तथा हत्यामा तत्काल फिल्डमा खटेका र सबै प्रमाणहरू नस्ट गरेका प्रहरी जवानदेखि अधिकारी एसपी डिल्लीराज विष्टसम्म यो कडा निगरानीमा परेका छन् ।

गृहका सहसचिव हरि मैनालीको संयोजकत्वमा बनेको छानबिन कमिटीले दिएको प्रतिवेदन लगत्तै दायरा फराकिलो पारेर सुक्ष्म अध्ययनमा लगेको प्रहरी अतिरिक्त महानिरीक्षक धिरु बस्न्यातको संयोजकत्वमा अर्को अनुसन्धान सुरु गरिएको हो । गठित छानबिन समितिले निर्मला हत्या प्रकरणको अनुसन्धानमा प्रहरी कर्मचारीको भूमिका र सम्पादन भएका कार्यहरूको सुक्ष्म अध्ययन गरिरहेको छ ।

अहिलेसम्म निकै अब्बल भ्रमिका निर्वाह गर्दै आएको प्रहरी अनुसन्धान निर्मलाको ...बाँकी २ पेजमा

# संघीय प्रहरीको समानान्तरमा प्रदेश प्रहरी निर्माण गरिदैं



काठमाडौं । प्रदेश नम्बर २ को सरकारले त्यहाँको प्रदेश सभाबाट प्रदेश प्रहरी निर्माणको विधेयक पारित गरेको छ । उक्त विधेयक प्रदेशको बहुमत सांसदहरूद्वारा पारित गरिएको हो । प्रतिपक्षमा रहेका सांसदहरूको होहल्ला र विरोधका बाबजुद पनि दुईतिहाईद्वारा उक्त विधेयक पारित भएपछि संघीय र प्रदेश सरकारका बीचमा खटपट सुरु भएको छ ।

हालसम्म संघीय सरकारले प्रादेशिक तथा स्थानीय सरकारका मातहतमा के कस्तो मान्यता र विधिअनुसार प्रहरी निर्माण र परिचालन गरिने हो सोको बारेमा अझैंसम्म पनि मुख 'आँ' गरेको छैन । पहिल्यैदेखि खटपट रहँदै आएको प्रदेश नम्बर २ र संघीय सकारका बीचमा यसपाला भने अन्तरविरोध फौजी रस्साकस्सीमा आएको देखा परेको छ ।

स्वयम् संघीय सरकारमा सहभागी भएको पार्टीको बहुमत र मुख्यमन्त्री रहेको २ नं. प्रदेश सरकारले यसो गरिरहँदा संघीय ओली सरकार भने मूकदर्शक बनिरहेको छ । वौद्धिकहरूका बीचमा ओलीले ...बाँकी २ पेजमा

# ओली सरकार सात महिनामै नाङ्गै

ओलीका केही देशभक्तिका, खासगरी भारतीय नाकाबन्दी र मधेसी दलका केही नेताहरू (महतो, ठाकुर, राउतआदि)का नेपालविरोधी अभिव्यक्ति र गतिविधिविरुद्ध आफूलाई खडा गरेको जस्ता, सकारात्मक कदमहरू देखेर नेपाली जनताले ओलीको नेतृत्वमा सरकार बने देशको स्वतन्त्रता र राष्ट्रियतामाथि भारतीय गिद्दे दृष्टिमा छेकबार लगाइने भन्ने सोच बनाए । नेपालको विकास र समृद्धिको मार्ग अलि फराकिलो बन्ने छ भन्ने आशा र भरोसाका साथ गत निर्वाचनमा संसदमा र प्रदेश तथा स्थानीय सरकारमा दुईतिहाई बहुमत दिए । अत्यधिक मत ल्याउनेहरू तात्कालिन गठबन्धनभित्र विगतका एमाले र माओवादी केन्द्र र केही अन्य ससाना कम्युनिस्टका सदस्यहरू छन् ।

*ओलीको राष्ट्रवाद पूरै नाङ्गिएको छ । त्यसैगरी नेपाली जनताका जनजीवीका झन् झन कठिन बन्दै गएको छ । ओली र उनका मन्त्रीहरू सबै कमाउने धन्दामा लागेको देखिएको छ । नेपाली जनताको अतिआवश्यक तरकारी, चिनी, तेल आदिमाथिको तिनीहरूले लिएका कमिशनका कुराहरू बाहिर पत्रपत्रिकामा छ्याछ्याप्ती आएका छन् ।*



● हुकुमबहादुर सिंह ●

प्रचण्ड नेतृत्वका माओवादी वेवकुफ बनाएर नेपालमा सत्ता र सरकार चलाउने रणनीति मात्र हो । यिनीहरूबाट देश र जनताका पक्षमा खासै उपलब्धिपूर्ण काम केही पनि हुने छैनन् ।"

नेकपा (क्रान्तिकारी माओवादी)ले निर्वाचनकै दौरानमा र भारतीयहरूद्वारा तयार पारिएको सुदुर पश्चिमको लिम्पियाधुरा, लिपुलेक आदि क्षेत्र ओगटेको करीब ३७२ वर्ग कि.मि. क्षेत्रफल नेपाली भूमि भारतीय नक्सामा गाभिएको नेपालको नक्कली नक्सा आफ्ना पछाडि टांग्न लगाएर प्रधानमन्त्री कार्यलयमा मात्र नभई नेपालका सबै सरकारी कार्यालय, सेना, प्रहरी, न्यायक्षेत्र आदि र गैह्र सरकारी कार्यालयहरू, सबै शिक्षणसंस्थाहरूमा समेत पढाउने गरेको पनि उनले चालै नपाएको भनिरहेका छन् । तर नेकपा (क्रान्तिकारी माओवादी)ले उनको औपचारिक ध्यान आकर्षित गर्दा समेत यतिका दिनसम्म पनि ती नक्सा सम्बन्धित कार्यालयबाट हटाउने चासोसम्म पनि देखाएका छैनन् । नेपालको सीमा मिचिएको बारे केही बोलेका छैनन् ।

अहिले आएर भारतीयहरूको चासो संविधान संशोधनद्वारा उसका इच्छा पूरा कसरी गराउने त्यसमा लागेका छन् । भर्खरै उनले संविधान संशोधनका लागि उनका विश्वासपात्र रक्षामन्त्री ईश्वर पोखेलमार्फत् (गृहमन्त्रीलाई समेत वाइपास गरेर) संसदमा संशोधन प्रस्ताव दर्ता ...बाँकी २ पेजमा

## सम्पादकीय

# चिनीको चिन्ता

नेपालीहरूको सबैभन्दा ठूलो चाड दसैंको मुखैमा आउँदा नेपाली जनतामा चिनीको चिन्ता बढेको छ । बजारमा एक त कृत्रिम अभाव सिर्जना गरिएको छ । दोस्रो कुरा, चिनीको मूल्य पनि निकै आकाशिएको छ । पसलेहरूले महंगोमा चिनी बिक्रि गर्न 'अब चिनी पाइँदैन' भनी जनतामा चिनी आतंक फैलाइरहेका छन् । सरकार र सरकारी नियामक निकाय कानमा तेल हालेर बसेको छ ।

प्रम ओलीकै नेतृत्वमा बसेको मन्त्रीस्तरीय वैठकले दसैंमा बाहिरबाट ल्याइने चिनीमा नाकाबन्दी लगाउने निर्णय गरेको छ । यो आन्तरिक नाकाबन्दीले देशमा चिनीको हाहाकार निम्त्याएको छ । काला बजारियाहरू रातारात चिनीको बोरा ओसार पसामा लागेका छन् । उद्योग मन्त्री मातृका यादव जसले चिनी छैन भन्छ उसलाई बोराबाट पठाइदिने आश्वासन दिइरहेका छन् । तर यी बोराहरू सरकारी कबोलअनुसार रातारात एकठाउँबाट अर्को ठाउँमा विचौलियाहरूमार्फत् सारिने गरिएका छन् ।

देशका १३ वटा चिनी उद्योगीहरूले गरेको आग्रह अनुसार यस पालाको दसैंमा बाहिरबाट चिनी नल्याउन र स्वदेशकै उत्पादन र स्टकबाट चलाउन आग्रह गरेका थिए । सो सहमति अनुसार सरकारले स्वदेशमा नै उत्पादन भई स्टक रहेको चिनी दसैंमा वितरण गरिने निर्णय पनि गर्‍यो । तर त्यसबापत प्रधानमन्त्रीसहित उद्योग मन्त्रीहरूले किं ठूलो रासीमा कमिसनको माग गर्‍यो । अर्बौको कमिसन माग भइआएपछि चिनी व्यापारीहरूले त्यसैको निहु बनाएर चिनीको मूल्य प्रति केजी १५ देखि २५ रूपैयाँसम्म बढाए । त्यो पनि पहिलो, दोस्रो र तेस्रो स्तरको चिनी ग्रेडिङमा असमान किसिमले बढाइयो ।

हाल बजारमा ७० देखि ९० रूपैया किलोसम्म चिनी पाइए पनि कतै कतै त अभाव पनि सिर्जना गरिएको छ । एक त नेपाली जनता आफैमा ऋणकर्ज गरेर दसैं धान्ने अवस्थामा छन् अर्कोतिर मूल्य बढेका चिनीको चिन्ताले थप सताइएका छन् ।

ओली सरकारले यो लाजलाई छोप्नका लागि सस्तो तथा सुपथ मूल्यको पसल स्थापना गरिएको ढ्वाङ फुकिरहेको छ । जनताले यसलाई पत्याइरहेका पनि छैनन् किनकि यी पसलहरू भनेका ठाउँमा खोलिएका पनि छैनन् र काठमाडौंमा पनि जनता त्यहाँ पुग्नका लागि घण्टौं सवारी जाम र बसभाडा तिर्नु पर्छ । त्यसैले जनताले महंगो नै भए पनि आफ्नो पायक पर्ने ठाउँबाट चिनी किन्ने गरिरहेका छन् ।

अर्को तिर सरकारलले स्थापना गर्ने भनेको सुपथ मूल्यको पसलमा पनि नीतिगत र संस्थागत भ्रष्टाचार गरिरहेको खुल्न आएको छ । साल्ट ट्रेडिङ, दुग्धविकास संस्थान तथा खाद्य संस्थानलाई अघि सारेर सरकारले अर्बौको बजेट सस्तो पसलका नाममा सहुलियत उपलब्ध गराउने भनी दिएको खुलेको छ । यो रकममा पनि सरकारले करोडौंको कमिसन तथा खर्च कटौती गरेर दिएको कर्मचारीहरूको गुनासो रहेको छ । बाहिर भन्दा सस्तो पसल भन्ने तर आन्तरिक रूपमा कमिसनका लागि यी सबै गरिएको ती कर्मचारीहरू बताउँछन् । उनीहरूका आनुसार यो सस्तो पसलको नाटक नै गर्नु पर्दैन, बरु सरकारले बजारमा बढिरहेको महंगी नियन्त्रण गर्नतिर लागे आम जनताले निकै सस्तोमा समानहरू पाउने छन् । तर सरकार निकै भ्रष्ट र कमिनखोरी भएकाले यसले अपनाउने मापदण्ड र नीति तथा विधि सधैं जनतामारा नै रहने उनीहरूको तर्क छ ।

ओली सरकारले १३ वटा चिनी उद्योगका सञ्चालकहरूबाट पहिलो किस्तामा १ अर्ब ३९ करोड रूपैया पेस्कीमा लिइसकेको बताइएको छ । बाँकी दसैं तथा तिहारका बीचमा चिनी बेचेर भुक्तानी गर्ने सहमति भएको पनि स्रोतहरूले बताएका छन् । उता सरकारले भने छठ पर्वका अवसरसम्म तीन किस्ता कमिसन सरकारलाई बुझाइसक्ने भनी ती उद्योगी व्यापारीहरूलाई ताकेता गरिरहेको छ । यता जनता चिनीको मारमा परेको खबरबारे सरकार बहिरो बनेर प्रस्तुत भइरहेको छ ।

# ०५२साल–०७४ सालसम्म

*गतांकको क्रमशः*

(क) मार्क्सवाद-लेनिनवाद-माओवादको वैचारिक जगमा खडा भएको नेकपा (माओवादी) पार्टी र त्यसको मुख्य सांगठनिक भूमिकामा नभए तापनि वैचारिक पक्षको मुख्य भूमिकामा रहँदै क्रान्तिलाई मार्ग दर्शन गर्दै आउनु भएका परिपक्व नेता क. किरणसहितको टिम उर्जाशील युवाहरूको अनुशासित प्रतिवद्धता सँगै ०५२ साल फागुन १ गते महान् जनयुद्धको घोषणा हुन पुग्यो । जनयुद्धको तयारी गर्दै गर्दा एकजना जुझारु नेता क. रामवृक्ष यादवको हत्या गरेर क्रान्तिको भ्रुण हत्या गर्न प्रतिक्रियावादी सत्ता पछि परेन । तर रामवृक्ष जस्तो युवा नेताको हत्याले क्रान्तिमा झनै उर्जा थप्यो । रामवृक्ष यादवको वगेको रगतका कण-कणबाट हजारौंहजार युवाहरू क्रान्तिमा हाम फाल्ने इच्छा शक्तिसहित क्रान्तिमा लामवद्ध हुन तयार भए । अखिल नेपाल युवक संघ, अखिल नेपाल युवा लिग जस्ता संगठनमा आवद्ध हुँदै योङ्ग कम्युनिस्ट लिग जस्तो जुझारु संगठनमा आवद्ध भएर दुश्मनका लाठी, गोला, बारुददेखि आधुनिक हतियारको सामना कसरी गर्ने भनेर अध्ययनलाई केन्द्रित गर्दै लगे । विश्वमा भएका ठूला-ठूला युद्ध अभ्यास कसरी भएका थिए र सैन्य विज्ञहरूले युद्ध कलाको कसरी विकास गरेका थिए भनेर गहिरो अध्ययन, अनुशन्धानका साथै प्रारम्भिक सैन्य ज्ञानको अभ्यास समेत अनुशासित तबरबाट सिक्दै थिए । ठीक यही वस्तुगत र आत्मगत परिस्थितिका बीचबाट माओवादी पार्टीले ०५२ साल फागुन ०१ गते पारेर सामन्त दलाल नोकरशाही पुँजीपतिवर्गको राज्यलाई ठाडो चुनौती दिंदै महान् जनयुद्धको घोषणा गर्‍यो ।

प्रतिक्रियावादी वर्गको राज्य सत्ताले के वृद्ध, के युवा, के वालक कसैलाई पनि नछुट्याई गोली हान्न उद्दत गर्‍यो । यसै क्रममा गोरखाका एक वालक विद्यार्थी दिलबहादुर रम्तेल जनयुद्धका प्रथम शहीद भए । शहीद, वेपत्ता र घाईतेको श्रृंखला बढ्दै जाने क्रममा पार्टीको नीति निर्माणको तहमा रहेर जिम्मेवारी निर्वाह गर्दै रहेका सुरेश वाग्ले (क. वासु), रितबहादुर खड्का (क. प्रताप), शेरमान कुँवर ( क. विशाल), मोहनचन्द्र गौतम, किमबहादुर थापा, क. प्रतीक, यानप्रसाद गौतम (क. आलोक) लगायत दशौं हजारभन्दा बढी शहीद तथा दण्डपाणि न्यौपाने (क. दिपेन्द्र) लगायत हजारौं योद्धा राज्यद्वारा वेपत्ता बनाइनु भयो । हजारौं हजार योद्धाहरू घाइते बन्न पुगे भने हजारौं हजारलाई गिरफ्तार पश्चात् चरम यातनाको सिकार बनाइयो । तर पनि क्रान्ति कमजोर होइन, बरु सामन्ती सत्ताका स्थानीय निकाय बनाएर जनसत्ता निर्माण भए । त्यसको रक्षाका लागि सात डिभिजन जनमुक्ति सेना निर्माण भए भने दुश्मनका आधुनिक हतियार खोसेर जनमुक्ति सेना आफैमा सशस्त्र भए । गाउँको ८० प्रतिशत भूभाग आधार इलाकामा परिणत भए । जसले गर्दा देशीय सामन्तवाद मात्र होइन, त्यसलाई भरथेग गर्ने साम्राज्यवाद तथा विस्तारवाद समेत माओवादीको एउटा वक्तव्यमा हल्लिन थालिसकेको थियो ।

यी सबै प्रकारका स्थिति र अवस्था निर्माण गर्ने काम मालेमावादको वैचारिक हतियारको जगमा नेतृत्वको इच्छा शक्ति र युवाहरूको ठूलो हिस्साको क्रान्तिप्रति समर्थण तथा वलिदानी भावको परिणाम थियो । त्यसको आधारभूमि तयार पार्ने काम युगौंदेखि


दिनेश शर्मा 'सागर'

राज्यद्वारा शोषण, दमन र उत्पीडनमा परिएका वर्ग, जाति, लिङ्ग र क्षेत्रका जनताको ठूलो हिस्साको थियो । सर्वहारा वर्गको त्यो तागत, युवाहरूको त्यो त्याग, वीरता र वलिदानबाट प्राप्त अधिकारलाई समाप्त बनाउन सामान्यत साम्राज्यवाद, विस्तारवाद र सामन्तवादको डिजाइन मुख्यतः क्रान्तिको मुख्य भूमिकामा रहेको प्रचण्ड, बाबुराम भट्टराई र रामबहादुर थापा (बादल) जस्ताको वर्गीय तथा राष्ट्रिय आत्मसमर्पणका कारण ०६३ सालमा आएर जनयुद्ध स्थगन हुन पुग्यो । यसको गहिरो विचार विमर्शको आवश्यकता छ ।

(ख) मार्क्सवाद-लेनिनवाद-माओवाद आफैंमा एउटा विज्ञान हो । त्यसैले कुनै गद्दारहरूले गद्दारी गर्दैमा, भ्रम पार्दैमा जनआन्दोलन समाप्त हुन्छ, न त क्रान्ति समाप्त हुन्छ । बरु वैचारिक बहसले नेता, कार्यकर्ता र स्वयम उत्पीडनमा परेको वर्ग वा अन्य समुदायलाई नयाँ तवरबाट सोच्ने मात्र होइन, मालेमावादको विज्ञानलाई थप विकसित गर्न आफ्ना वैचारिक क्षमताको विकास गर्न उद्दत बनाएको छ । त्याग, वीरता, बलिदान र त्यसबाट प्राप्त अधिकारको समाप्ती, वर्ग दुश्मनप्रति प्रचण्डको आत्मसमर्पण र गद्दारीको विरुद्ध आलेमावादको वैचारिक हतियारलाई दह्रोसँग पकडदै सर्वहारा वर्गप्रति प्रतिवद्ध रहँदै साम्राज्यवाद, विस्तारवाद, सामन्तवाद र दलाल नोकरशाही पुँजीवादलाई परास्त गर्न सशस्त्र जनविद्रोहको माध्यमबाट नयाँ जनवादी क्रान्ति सम्पन्न गरी समाजवाद हुँदै साम्यवादमा पुग्ने लक्ष्य सहित पुर्नगठन गरिएको नेकपा-माओवादी हाल नेकपा (क्रान्तिकारी माओवादी) प्रति नै सर्वहारा वर्गले आफ्नो भरोसा ठानेका छन् ।

मालेमावादका आधारभूत सिद्धान्तलाई दरोसँग पकड्ने मात्र होइन त्यसलाई प्रयोग गरेर विकाश गर्ने लक्ष्यका साथ मोहन वैद्य 'किरण'ले नेतृत्व गरेको पार्टीमा आम क्रान्तिकारी युवा गोलवन्द हुनुको विकल्प छैन । प्रतिक्रियावादी वर्ग, प्रतिक्रियावादमा पतन हुँदै गएको दीषणपन्थी संशोधनवादले छर्ने भ्रमबाट मुक्त बनाउँदै क्रान्तिकारी युवाहरूले आफ्नो वर्गको मुक्तिका खातिर, राष्ट्रिय स्वाधिनताका खातिर एक पटक त्याग गर्ने बेला आएको छ । सर्वहारा वर्गको बदनाम गर्न साम्राज्यवाद, विस्तारवाद र दलाल नोकरशाही पुँजीवादका दलालहरूले कथित कम्युनिस्टको खास्टो ओडेर ठूला-ठूला राष्ट्रघात, जनघातका कामहरू गरिरहेका छन् । देशका उद्योग, कलकारखाना बन्द गराउने, कौडीको भाउमा व्यक्तिलाई बेच्न र श्रम गरी खाने श्रमिकहरूलाई समेत बेरोजगार बनाएर विदेशमा गएर आफ्नो श्रम बेच्न बाध्य पारिराखेका छन् ।

यति बेला अशिक्षित युवा-युवती मात्र होइन, शोषित युवा-युवतीहरू समेत विदेश पलायन हुन बाध्य छन् । युरोप, अमेरिका, एशिया, अफ्रिकादेखि भारत हुँदै अरबका खाडीका मुलुकमा गएर श्रम बेच्न बाध्य नेपाली युवा-युवतीहरूको संख्या एक करोड भन्दाबढी पुगेको छ । जोखिम काम गर्दा दैनिक दशजनाको जीवन समाप्त हुने र एयरपोर्टमा लास आउने गरेको छ । त्यति मात्र होइन नेपाली युवतीहरू विदेशमा गएर वलात्कृत भएर आत्महत्या वा हत्या हुने घटनाहरू समेत दैनिक बढिरहेको छ । देशको यो डरलाग्दो चित्रको वर्णन जति गरे पनि कम हुन्छ । यस्तो अवस्थामा आफ्नो भविष्यका निमित्त, आफ्ना सन्ततीका भविष्यका निमित्त, समग्रमा राष्ट्रकै भविष्य निमित्त देशभक्त, परिवर्तन तथा समान्तका पक्षधर युवाहरूले सोच्ने र पाइला चाल्ने समय आएको छ ।

५. आगामी दिनमा गर्नुपर्ने काम

(क) लामो समयसम्म सामन्तवादी राज्य सत्ताले पारेको प्रभाव, सामन्तवादी उत्पादन प्रणाली र सामन्ती सामाजिक संरचनाको प्रभावले नेपाली युवाहरूमा त्यही सामन्तवादी मनोविज्ञानको प्रभाव रहँदै आएको थियो । उत्पीडन र विरतण प्रणालीमा अझै पनि सामन्ती संस्कार कायमै रहेको छ । सामन्यतया युवा मनोविज्ञान पनि सामन्तवादी संस्कारबाट पूर्ण रूपमा मुक्त हुन सकेको छैन । त्यसैले आगामी दिनमा त्यसको विरुद्ध संघर्ष चलाउन पर्ने आवश्यकता रहेको छ । साथै साम्राज्यवाद, विस्तारवादको हस्तक्षेपले तयार पारेको दलाल चरित्र र मानसिकताका विरुद्धको संघर्षलाई झनै तिव्रताका साथ अगाडि बढाउन पर्ने दायित्व यतिवेला नेपाली युवाहरूको काँधमा आएको छ ।

(ख) मोबाइल, कम्युटरको प्रयोग लगायत प्रविधिको क्षेत्रमा विगतको भन्दा स्वभावैले अधिकतम विकास भएको छ । कैयौं युवाहरूले आर्थिक रूपमा कमजोर भएर पनि भएको सबै सिध्याएर आफ्नो प्राविधिक क्षमताको विकास गरेका पनि छन् । तर त्यो दक्ष जनशक्तिको न त राज्यले कदर गर्छ न त ऊ आफैले आफ्नो प्रतिभाको प्रयोग गर्ने कुनै स्थान नै छ । जसले गर्दा एकतिर दक्ष युवा जनशक्ति बाध्य भएर विदेश पलयान भैरहेका छन् । प्रविधिको विकास भएको भनिए तापनि केवल साम्राज्यवाद, पुँजीवाद र विस्तारवादको नीति अंगालेका देशहरूको उत्पादन गरेको प्रविधिहरू प्रयोग गर्ने अवस्थामा मात्र सिमित छ । यसरी हेर्दा राष्ट्रिय अर्थतन्त्र भन्ने कुरा प्राय जस्तै भएको छ । जुन विषयमा युवाहरूको भावि सन्ततिका बारेमा सोच र केही गर्न पर्ने आवश्यकता भएको छ ।

दक्ष जनशक्ति मात्र होइन देशको करिब झण्डै जनसंख्याको आधा जनशक्ति त्यसमा पनि युवाहरू विदेशी भूमिमा गएर वल र तागत छदासम्म आफ्नो रगत, पसिना विक्रि गर्न बाध्य छन् । त्यो पनि सस्तोमा नेपाल त यति वेला विदेशी भूमिमा गएर पसिना बगाउँदा बगाउँदै दैनिक एक दर्जन भन्दा बढीले आफ्नो ज्यान गुमाएर लास आई पुग्ने र जलाउने ठाउँ भएको छ । अर्को तिर युवा अवस्थमा विदेशमा पसिना बगाउँदा बगाउँदै घाइते वा अन्य घातक प्रकारको रोग लागेर फिर्ता हुने र उपचारका क्रममा हस्पिटलको वेडमा छटपटाउनु पर्ने अवस्था बनेको छ । यो तितो तर सत्य यथार्थ प्रति देशका सचेत युवाहरूले सोच्न र अब केही गर्न आवश्यक छ ।

## ओली...

गराएका छन् । अब यो नागरिकताको बारेमा उनले पेश गरेको उक्त प्रस्तावले नेपालको राष्ट्रियतालाई फिजीकरण गर्दै सिक्किमीकरणको मार्गतर्फ लैजाने निश्चित छ । यसरी ओलीको राष्ट्रवाद पूरै नाङ्गिएको छ । त्यसैगरी नेपाली जनताका जनजीवीका झन् झन कठिन बन्दै गएको छ। ओली र उनका मन्त्रीहरू सबै कमाउने धन्दामा लागेको देखिएको छ । नेपाली जनताको अतिआवश्यक तरकारी, चिनी, तेल आदिमाथिको तिनीहरूले लिएका कमिशनका कुराहरू बाहिर पत्रपत्रिकामा छ्याछ्याप्ती आएका छन् । चिनीमा अरबौं रूपैयाँको कमिशन, आलु तरकारीमा त्यस्तै कमिशन आखिर ओली सरकार कमिशनको खेलमा चुर्लुम्मै डुब्दै गएको छ ।

गृहमन्त्रीले सिण्डिकेटको ढाड भाँचे भनेर कुर्लिए । सुनकाण्डको माफियाको जालो तोडे भनेर कुर्लिए, शान्तिसुरक्षा सुदृढ गराए भनेर कुर्लिए । ठेकदारहरूमाथि कडा निगारानीका हुङ्कार गरे । आखिमा भयो के त ? नेपाली जनताका लागि हात्ती आयो हात्ती आयो फुस्सा । आखिर यी कम्युनिस्ट हौं भन्नेहरू प्रदेशका मुख्य मन्त्री, मन्त्री, सांसद छन् । त्यसैगरी केन्द्रीय सरकारमा प्रधानमन्त्री, मन्त्री, सांसद आदि छन् । त्यसै गरी प्रशासनतन्त्रमा उनीहरूकै मान्छेहरूको बाहुल्यता छ । सेना, प्रहरी आदिमा उनकै बर्चश्व छ । यदि नभए उनीहरूसित जनताको ती सबलाई तह लगाउने दुईतिहाई मत छ । आखिर यी सब देशको हितविपरीत, जनताको हितविपरीत कसले काम गरेको छ त ? उत्तर स्पष्ट यिनै तथाकथित कम्युनिस्ट हौं भन्नेहरू गाउँदेखि केन्द्रसम्म छन् र यी सबका जिम्मेवार यिनै हुन् । यसो गरेर यी नामधारी कम्युनिस्टहरूले नेपालका अन्य क्रान्तिकारी कम्युनिस्टहरूलाई पनि बदनाम गराउने काम गर्दै आएका छन् ।

आखिरमा "वामगठवन्धनको नाममा अनेकौं जनपक्षीय नारा दिएर सरकारमा जान सफल भएको ओली सरकारको सक्कली रूप नेपाली जनताको नजरमा त नाङ्गै पो भएर देखिएको छ । ओली सरकार त आखिरमा दलालहरू, तस्करहरू, बलात्कारीहरू, समग्रमा जनताको सरकार होइन रहेछ । यो त भारतीय एकाधिकार दलाल नोकरशाही पुँजीपति वर्गको सरकार पो रहेछ भन्ने स्पष्ट आवाज जनताको बीचमा उठ्न थालेको छ । ओली सरकार त ७ महिनामै नाङ्गै ।

hukumsingh2012@yahoo.com

## संघीय...

हाल दुई नम्बर प्रदेशका मुख्यमन्त्रीले देखाइरहेका हर्कतहरू पनि भारतमा मोदीसँग संझौता गरेर आएको हुनसक्ने बताइरहेका छन् । किनकि ओली आफै मोदीका नेपाल विरोधी हरेक कदमको सहयोग र समर्थन गर्दै आएका छन् ।

आश्चर्यको कुरा त पनि भइरहेको छ भने प्रदेश प्रहरीको प्रमुखमा आईजीपी रहने प्रावधान राखिएको छ ।

## जनमतको...

मतदाताहरूले उनलाई फेसबुक तथा ट्वीटर र फोनमार्फत् तिक्त आलोचना गरे । उनलाई जनताको मत माफियाका नोटहरूसँग साटेको गम्भीर तर सत्य आरोप लगाए । रामवीरले लिएको भनिएको ५ देखि ७ करोड रकमको पनि खुलासा गरिएका ती सञ्चारहरूमा उनलाई अब काठमाडौंका जनताले कहिल्यै पनि नपत्याउने र विश्वास नगर्ने कुरा लेखिएका थिए । ओली-दाहालको 'माकाफुइ' बनाइएका रामवीर मानन्धर अहिले उच्च तनावमा रहेको उनका पारिवारिक स्रोतहरूले बताइरहेका छन् । स्रोत भन्छ हुन सक्छ रामवीर मानन्धर सिधा र जनपक्षीय स्वभावका हुन सक्छन् पनि । तर उनी पैसाको प्रलोभन र नेताहरूको घनचक्करमा परेपछि नैतिकहीन र जनमतहीन बन्न पुगेका छन् । दसैंका बेलामा उनकै नेता भन्नेहरूले उनलाई बलीको बोका बनाएका छन् ।

काठमाडौं-७ का जनताले उनीहरूको राजनीतिक जीवनमा सोच्दै नसोचेको र सबैभन्दा आश्चर्यको कुरा देखे भोगेको बताए । रामवीर मानन्धरहरू जस्ता आफूले विश्वास गरेर छानेर मत दिएर पठाएका मानिसहरूले जनताको जनादेशलाई केही करोडमा बेच्न नहिच्किचाउने देखिएको बताए । उनीहरूका अनुसार अब नेपालमा जनमत र जनादेश पनि बिक्रिको वस्तु भइसकेकाले जनमतको कुनै मूल्यमान्यता नै रहेन ।

अर्कोतिर ओली र उनका पक्षधरहरूले बामदेवलाई भोट नदिएर बर्दियाबाट निर्वाचनमा हराएका थिए । यो पनि आशंका ज्युँदै छ कि ओली र उनका मानिसहरूले वामदेवलाई काठमाडौंको क्षेत्र नं. ७ बाट निर्वाचित गर्न भोट दिन तयार छन् ? सिधा जवाफ 'नो' । के प्रचण्डको काठमाडौंमा केही गणना गर्न लायक मत छ त ? यसको पनि सिधा जवाफ छ- 'नो' । राजनीतिक विश्लेषकहरू भन्छन्- 'त्यसोभए यी दुई धुन्धुकारीहरूको यो 'बिजनेस' केका लागि ?'

बर्दियाली जनता भन्छन्- 'वामदेव निकै महत्त्वाकांक्षी तथा अस्थिर मानिस हुन् । उनी जतिबेला पनि अवसरको खोजीमा रहन्छन् । उनको स्थिरता छैन । छिनभर पर्टी फुटाउँछन्, छिनभर मिलाउछन् । कहिले प्यूठानबाट चुनाव उठ्छन्, कहिले बर्दिया हामफल्न आउँछन् । उनी हाउडे स्वभावका छन् । अनैतिक काम उनको कर्म जस्तो देखिन्छ ।'

जनताको यो तीखो र तीतो यथार्थ टिप्पणी वामदेवका लागि औषधि हो, यदि उपचार गर्न र राजनीतिक जीवन जीउन चाहन्छन् भने । तर नेकपाले हालका दिनमा जनविरोधी कामहरूको चुली लगाएर जनमतको खिल्ली उडाइरहेको छ ।

## वर्गदृष्टि...

तस्कर र भ्रस्टाचारीहरूले धावा बोलिरहेका बेला, गणतन्त्रको नाममा जनविरोधीहरूको निरङ्कुशता लादिदै गएको बेलामा जनतालाई जागरुक बनाउन र खबदारी गर्न प्रकाशित भइरहेको एक मात्र पनपक्षीय पत्रिका वर्गदृष्टिलाई जनतामाझ पुर्‍याउनु यो अभियानको लक्ष्य रहेको छ ।'

काठमाडौं जिल्लामा यो अभियानको नेतृत्व गरिरहेका सुरेश श्रेष्ठका अनुसार व्यक्तिको वैचारिक झुकाव र चाहनाअनुसार ग्राहक बन्ने प्रक्रिया सापेक्षतमा अघि बढिरहेको छ । अभियान भनेको आफैमा निरन्तर चलिरहने एक प्रक्रिया पनि भएकाले यसलाई समयानुकुल अघि बढाइराखिने पनि श्रेष्ठको भनाइ छ ।

अभियान टोलीका अर्का नेता खगेन्द्र छन्त्यालका अनुसार वर्गदृष्टि साप्ताहिकको ग्राहक अभियान काठमाडौंमा निरन्तर चलाइने र यसलाई आमजनताको घरदैलोमा पुर्‍याई जनताको वास्तविक आवाजका रूपमा स्थापित गरिने छ ।

अभियानमा सहभागी नेतृ शारदा महतका अनुसार अभियान उत्साहजनक रहेको र यसलाई जनताको घरदैलोमा पुर्‍याउन निरन्तरता दिइरहनुपर्ने छ ।

## ईपीजीको...

बेइमानी हुनुका साथै राष्ट्र तथा जनताको विरोध कर्म पनि हुन जाने छ ।

गत असार १६ गते अन्तिम रूप दिइ प्रतिवेदन तयार गरी बसेको ईपीजी नेपालमा नक्कली नक्सा र कालापानी गायब पारिएको निशान छाप हटाउन जनस्तरबाटै संघर्षका कार्यक्रम आउनथाले पछि भारतीय पक्षले यसलाई केही समय रोक्ने नाटक गरिरहेको छ । भारतीय विस्तारवादको वेनकाव साख जोगाउनका लागि उल्टै भारतीय ईपीजीका एकजना सदस्य जयन्त प्रसादले आफ्नो नोट अफ डिसेन्ट लेखेको भनी प्रचारमा समेत ल्याइएको छ ।

## प्रहरीभित्रै...

बलात्कार तथा हत्या प्रकरणमा भने निकै निकम्मा र निरीह देखिन पुगेको छ । यसले प्रहरी प्रशासनप्रतिको जनताको विश्वासमा कमी त ल्याएको छनै थप उल्टै बहुमतको ओली सरकार प्रतिको जनताको आस्था र विश्वास लगभग शुन्यतामा अवस्थामा पुर्‍याएको छ । सरकारका प्रधानमन्त्री ओली र सरकारी पार्टी नेकपाका अध्यक्ष पुष्पकमल दाहालले निर्मला काण्ड उनीहरूलाई सत्ताबाट बाहिर्गमनमा ल्याउन चालिएको षड्यन्त्र भनेपछि यो काण्ड निकै गहिरो र रहस्यमय बन्न गएको छ । तथापि यस्तो अवस्थामा पनि दोषी पत्ता लगाएरै छाड्छौं भनेर प्रहरी प्रशासन भने निरन्तर लागिपरिरहेको देखिन्छ ।

संयोजक बस्न्यातले निर्मला र उनको घटनाआदि देखिजान्ने र सुनिजान्ने सबैसँग आवश्यक सूचना दिन र सहयोग गर्न खुलेर आग्रहसमेत गरेका छन् । समितिले निर्मला पन्तका परिवार, घटनास्थल, यसअघि घटनाका अभियुक्त बनाइएका दिलीपसिंह विष्टका परिवारसँग तथा स्थानीय जनतालाई समेत भेटघाट भेटघाट गरिसकेको छ । यो अनुसन्धान अन्तर्गत एसूपी विष्टसहित २६ जना प्रहरीमाथि सुक्ष्म अनुसन्धान जारी राखिएको छ ।

# शुभकामना

विजया दशमी तथा शुभ–दीपावली २०७५ को अवसरमा आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरू एवम् देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

जशी पाण्डे – मेयर
विजया विष्ट – उपमेयर
**मान्मा नगरपालिका**
कालिकोट

काशीचन्द्र बराल – मेयर
मीमसरा बंम शाही – उपमेयर
**रास्कोट नगरपालिका**
कालिकोट



# शुभकामना

विजया दशमी तथा शुभ–दीपावली २०७५ को अवसरमा आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरू एवम् देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

धीर ब. विष्ट – अध्यक्ष
मनशोभा बुढा – उपाध्यक्ष
**नरहरिनाथ गाउँपालिका**
कालिकोट

डम्बर ब. शाही – अध्यक्ष
होइजा बुढा – उपाध्यक्ष
**सान्नी त्रिवेणी गाउँपालिका**
कालिकोट

खडग सेजुवाल – अध्यक्ष
तारा न्यौपाने – उपाध्यक्ष
**पञ्चलझरना गाउँपालिका**
कालिकोट

खडानन्द चौलागाई – अध्यक्ष
पम्फाकुमारी शाही – उपाध्यक्ष
**शुभकालिका गाउँपालिका**
कालिकोट



# शुभकामना

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७५ को अवसरमा हाम्रा गाउँपालिकाबासी तथा देश विदेशमा बस्नु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना !



**खेमराज ओली**
अध्यक्ष

**दीपाकुमारी बीसी**
उपाध्यक्ष

वडाध्यक्षहरू

● नरबहादुर राम्जाली–१ ● रतन रावल–२ ● गंगाराम खत्री–३ ● खड्ग बहादुर शाही–४
● सुरेन्द्र कुमार महरा–५ ● हिमबहादुर ओली–६ ● हुकुमबहादुर खत्री–७ ● पूर्ण बहादुर ओली–८

## गुराँस गाउँपालिका परिवार, दैलेख

## शुभकामना

नेपालीहरूको महान् पर्व विजया दशमी २०७५ को उपलक्ष्यमा यहाँहरूको सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै मादक पदार्थ र लागुपदार्थ सेवनको कुलतबाट आफु बचौं र अरुलाई पनि बचाऔं।

श्री मधुकृष्ण पन्थ
अध्यक्ष

श्री ज्ञानुराम पन्थी
प्रमुख प्रशासकीय अधिकृत

**छत्रकोट गाउँपालिका, गुल्मी**

## शुभकामना

नेपालीहरूको महान् पर्व विजया दशमी २०७५ को उपलक्ष्यमा यहाँहरूको सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै मादक पदार्थ र लागुपदार्थ सेवनको कुलतबाट आफु बचौं र अरुलाई पनि बचाऔं।

श्री नीलकण्ठ गौतम
अध्यक्ष

श्री चेतनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत

**रूरू गाउँपालिका, गुल्मी**

## शुभकामना

नेपालीहरूको महान् पर्व विजयी दशमी २०७५ को उपलक्ष्यमा यहाँहरूको सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

श्री पारिश्वर ढकाल
अध्यक्ष

श्री सुवर्ण शाही
उपाध्यक्ष

श्री यादव भण्डारी
प्रशासकीय अधिकृत

**सत्यवती गाउँपालिका, गुल्मी**

## शुभकामना

नेपालीहरूको महान् पर्व विजयी दशमी २०७५ को उपलक्ष्यमा यहाँहरूको सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

श्री भुपाल पोखेल
अध्यक्ष

श्री शिव बहादुर खत्री
उपाध्यक्ष

श्री लोक हरि थापा
प्रमुख प्रशासकीय अधिकृत

**धुर्कोट गाउँपालिका, गुल्मी**

## शुभकामना

नेपालीहरूको महान् पर्व विजयी दशमी २०७५ को उपलक्ष्यमा यहाँहरूको सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

श्री डिल्लीराज भुसाल
प्रमुख

श्री सीता भण्डारी
उपप्रमुख

श्री भक्ति परासिनी
प्रमुख प्रशासकीय अधिकृत

**रेसुङ्गा नगरपालिका, गुल्मी**

## शुभकामना

नेपालीहरूको महान् पर्व विजयी दशमी २०७५ को उपलक्ष्यमा यहाँहरूको सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

श्री सोमनाथ सापकोटा
प्रमुख

श्री कमला गौतम
उपप्रमुख

श्री घनश्याम न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

**मुसिकोट नगरपालिका, गुल्मी**

## शुभकामना

नेपालीहरूको महान् पर्व विजयी दशमी २०७५ को उपलक्ष्यमा यहाँहरूको सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

श्री वेद थापा मगर
अध्यक्ष

श्री तारा थापा
उपाध्यक्ष

श्री बाबुराम पल्ली
प्रमुख प्रशासकीय अधिकृत

**कालीगण्डकी गाउँपालिका, गुल्मी**

# शुभकामना

२०७५ सालको शुभ विजया दशमी, दिपावली, छठ, उधौली, नेपाल सम्बत् ११३९ लगायत नेपालीहरूका सम्पूर्ण चाडपर्वको शुभ अवसरमा समस्त नेपालीहरूको सुस्वास्थ्य, दिर्घायु अनि उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

अर्जुनलाल श्रेष्ठ
इञ्चार्ज

केके मल्ल
सेक्रेटरी

गंगा महर्जन, मैते तामाङ, प्रेम श्रेष्ठ, दल ब. पाखिन, विष्णु रेग्मी, रामशरण सापकोटा, कुमार तामाङ, राजकुमार श्रेष्ठ, लक्ष्मी सापकोटा, राजु तामाङ, महेन्द्र महर्जन, गौतम श्रेष्ठ, रामगोपाल राजथला, बलिजन श्रेष्ठ लगायत सम्पर्ण पार्टी कमिटी परिवार।

## नेकपा (क्रान्तिकारी माओवादी)

महालक्ष्मी नगरपालिका, ललितपुर

---

मादक पदार्थ र लागुपदार्थ सेवनको कुलतबाट आफु बचौं र अरुलाई पनि बचाऔं।

श्री द्रोण बहादुर खत्री
अध्यक्ष

श्री राधिका अर्याल
उपाध्यक्ष

श्री कृष्ण प्रसाद भण्डारी
प्रशासकीय अधिकृत

## चन्द्रकोट गाउँपालिका, गुल्मी

---

# शुभकामना

विजया दशमी तथा शुभ–दीपावली एवम् छठ पर्व २०७५ को अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

गोविन्द प्रसाद लेखक
आयोजना प्रमुख

## धनगढी दुग्ध वितरण आयोजना

०९१–५५१२९३, अत्तरिया, कैलाली

---

# शुभकामना

विजया दशमी तथा शुभ–दीपावली एवम् छठ पर्व २०७५ को अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

प्रो. यानप्रसाद अधिकारी

## आर एण्ड सी बिल्डर्स

गोकर्णेश्वर न.पा.–५

---

# शुभकामना

नेपालीहरूको महान् पर्व विजया दशमी २०७५ को उपलक्ष्यमा यहाँहरूको सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

श्री दान बहादुर केसी
अध्यक्ष

श्री सुरेश भण्डारी
प्र.प्रशा.अधिकृत

## मदाने गाउँपालिका, गुल्मी

---

# शुभकामना

विजया दशमी तथा शुभ–दीपावली एवम् छठ पर्व २०७५ को अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

लीलाधर बास्कोटा
अध्यक्ष

## राष्ट्रिय लोक सांस्कृतिक प्रतिष्ठान नेपाल

सु.प. अत्तरिया, कैलाली

---

# शुभकामना

नेपालीहरूको महान् पर्व विजया दशमी २०७५ को उपलक्ष्यमा यहाँहरूको सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

## कल मोवीलीटी प्रा.लि.

पुतली सडक, काठमाडौं

---

# शुभकामना

नेपालीहरूको महान् पर्व विजया दशमी २०७५ को उपलक्ष्यमा यहाँहरूको सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

Ph.: 071-543683, 9847163166
STC SHRESTA TAILORING CENTRE Butwal, Rupandehi

## श्रेष्ठ टेलरिङ सेन्टर

नेपालगञ्ज रोड, बुटवल–६, रूपन्देही

'स्तरीय सिलाईका लागि हामीलाई सम्फनुहोस्'

---

# शुभकामना

विजया दशमी तथा शुभ–दीपावली एवम् छठ पर्व २०७५ को अवसरमा सम्पूर्ण विद्यार्थी, शिक्षक, अभिभावक तथा कर्मचारी वर्ग तथा सम्पूर्ण देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

## नाइटिङगल स्कुल

कुपण्डोल, ललितपुर

## शुभकामना
विजया दशमी तथा शुभ-दीपावली एवम् छठ पर्व २०७५ को विशेष अवसरमा सम्पूर्ण वडावासी तथा देश विदेशमा रहनुहुने नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

देवराज बञ्जरा
**मोनिका साइन्टिफिक ट्रेडर्स परिवार**
कोटेश्वर-३५, काठमाडौं ।

## शुभकामना
विजया दशमी तथा शुभ-दीपावली एवम् छठ पर्व २०७५ को अवसरमा कालिकोट जिल्लावासी एवं सम्पूर्ण आमाबुवा, दाजुभाइ तथा दिदीबहिनीहरू एवम् देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

कर्णबहादुर बुढा
**नेता- नेकपा (क्रान्तिकारी माओवादी)**
कालिकोट

## शुभकामना
नेपालीहरूको महान पर्व विजयी दशमी २०७५ को उपलक्ष्यमा यहाँहरूको सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

श्री नारायण पोखेल, अध्यक्ष — श्री हरि कुमार श्रेष्ठ, महासचिव
**निर्माण व्यवसाय संघ, गुल्मी**

## शुभकामना
विजया दशमी तथा शुभ-दीपावली एवम् छठ पर्व २०७५ को विशेष अवसरमा सम्पूर्ण वडावासी तथा देश विदेशमा रहनुहुने नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**नेपाल उद्योग वाणिज्य महासंघ**
टेकु, काठमाडौं ।

## शुभकामना
विजया दशमी तथा शुभ-दीपावली एवम् छठ पर्व २०७५ को अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

जनक बहादुर रावल, अध्यक्ष
**टिकाथली ढल निर्माण तथा सरसफाइ उपभोक्ता समिति**
महालक्ष्मी नगरपालिका-५, ललितपुर

## शुभकामना
विजया दशमी तथा शुभ-दीपावली एवम् छठ पर्व २०७५ को अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो.कैलाश जोशी
**अहा कति राम्रो रामारोसन गेष्टहाउस**
अत्तरिया, कैलाली

## शुभकामना
विजया दशमी तथा शुभ-दीपावली एवम् छठ पर्व २०७५ को विशेष अवसरमा सम्पूर्ण वडावासी तथा देश विदेशमा रहनुहुने नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**नेपाल फलफूल थोक व्यवसायी संघ**
कुलेश्वर बल्खु, काठमाडौं । फोन नं. ४२८२२३६

## शुभकामना
विजया दशमी तथा शुभ-दीपावली एवम् छठ पर्व २०७५ को अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

उद्धव सापकोटा- प्रबन्ध निर्देशक
**एक्सेस करिअर सोलुसन प्रा.लि.**
गौशाला, काठमाडौं, नेपाल
फोन नं. ०१-४४७५२०७ acssolution2016@gmail.com

## शुभकामना
विजया दशमी तथा शुभ-दीपावली एवम् छठ पर्व २०७५ को अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

विश्व खत्री
**सेती इञ्जिनियरिङ एण्ड ग्रील उद्योग**
ध.उप.म.न.पा.-७, कैलाली

## शुभकामना
विजया दशमी तथा शुभ-दीपावली एवम् छठ पर्व २०७५ को विशेष अवसरमा सम्पूर्ण वडावासी तथा देश विदेशमा रहनुहुने नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

वडाध्यक्ष : श्री नारायण सुवेदी
**५ नं. वडा समितिको कार्यालय, गोकर्णेश्वर नगरपालिका**

## शुभकामना
विजया दशमी तथा शुभ-दीपावली एवम् छठ पर्व २०७५ को अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो. मीना थापा
**फारवेष्ट वाटर इण्डष्ट्रिज**
घोडाघोडी न.पा.-१, कैलाली

## शुभकामना
विजया दशमी तथा शुभ-दीपावली एवम् छठ पर्व २०७५ को अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

अनिल कठरिया
**सागर कटेज**
जानकी गा.पा.-४, कैलाली



## विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७५ को अवसरमा देश विदेशमा बस्नु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना !

ज्ञानेन्द्र लाल
**गुरुकुल फेन्सी स्टोर्स**
ध.उप.म.न.पा.-७, कैलाली

प्रो. ताराप्रसाद भुसाल
**सावित्री गल्ला भण्डार**
ध.उप.म.न.पा.-७, कैलाली

प्रो. सावित्री केसी
**अंकित डिङकिङ वाटर इण्डष्ट्रिज**
ध.उप.म.न.पा.-८, कैलाली

प्रो. मनिकुमार परिवार
**एम.के. इलेक्ट्रिकल वर्कशप**
धरान-१२, गौतमपथ

**आशाकाजी महर्जन**
टोखा-३, काठमाडौं

गोपाल बहादुर कार्की- अध्यक्ष
**देशभक्त जनगणतान्त्रिक मोर्चा**
टोखा नगर कमिटी

गोपाल ज्ञवाली- शाखा प्रमुख तथा
**नेशनल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड**
बुटवल कार्यालय परिवार, फोन ०७१-५४४९२४

प्रबन्ध निर्देशक- सोकेन पलिखे
**धरान केबुल टि.भी. नेटवर्क प्रा.लि.**
धरान-९, गौतमपथ

**देवी हार्डवेयर**
बनेपा-६, काभ्रे, ०११-६६२५४०

गौतम/गोकुल श्रेष्ठ
**चामुण्डा हार्डवेयर सेन्टर**
बनेपा, काभ्रे, ०११-६६३४५२

गोविन्द पराजुली- प्र.अ.
**श्री वनदेवी मा.वि.**
काठमाडौं

शेखर श्रेष्ठ
**नौलखा बचत तथा ऋण सहकारी संस्था**
टोखा-५,धापासी, ९८०४३२६१०

**मेगा ड्रिम**
कालिमाटी, काठमाडौं

सन्तोष कुमार बोहोरा- अध्यक्ष
**हिस्टान परिवार**
हिस्टान., सिन्धुली

बाबुलाल स्याङटतान- प्र.अ.
**भुवनेश्वरी नि.मा.वि. परिवार**
सुनखानी, सिन्धुली

खिलनाथ अर्याल- प्रमुख
**विद्युत प्राधिकरण वितरण केन्द्र**
सिन्धुली

प्रो. सुर्य ब. गोले/ नवराज गोले
**सिन्धुलीगढी सप्लार्यस**
बौद्ध, नयाँवस्ती, काठमाडौं

प्रो. तेजु वि.क.
**न्यू विश्वकर्मा फर्निचर उद्योग**
क.न.पा.-६ धुराबजार, सिन्धुली

जयमान तामाङ
**समाजसेवी**
धुराबजार, सिन्धुली

शेषराज ढकाल
**मालपोत कार्यालय परिवार**
सिन्धुली

प्रो. झपिराज भट्ट
**ऐश्वर्य चस्मा सेन्टर**
धनगढी रोड, अत्तरिया कैलाली

प्रो. भूमिराज ओझा
**ग्वासी समैजी टेन्ट हाउस**
अत्तरिया, कैलाली

**पदम बहादुर कार्की**
गोदावरी न.पा.-४ बसन्तपुर

**एशियन इञ्जिनियरिङ कन्सल्टेन्सी**
टिकापुर, कैलाली

प्रो. सूर्यचन्द्र खनाल
**श्री सत्यसाई अर्डर एण्ड सप्लार्यस**
प्युठान नगरपालिका-४, बिजुवार, प्युठान, ०८६-४६०४८५

प्रो. खेमबहादुर साउद
**रघुवीर ट्रेडर्स**
गोदावरी न.पा. अत्तरिया, कैलाली

**वीरेन्द्र भट्ट**
कैलाली

प्रो. खेमबहादुर साउद
**रघुवीर ट्रेडर्स**
गोदावरी न.पा. अत्तरिया, कैलाली

**जेम्स अर्नामेन्टस**
न्यूरोड, काठमाडौं

शाखा प्रबन्धक : पदमराज पोखेल
**जनता विकास बैंक लि., मुगीया शाखा परिवार**
सैनामैना न.पा., रूपन्देही

अध्यक्ष- चेतनारायण न्यौपाने, प्रिन्सिपल- धर्मराज घिमिरे
**श्री बुद्ध ईङ्लीस बोर्डिङ स्कूल परिवार**
सैनामैना-७, देउवापार, रूपन्देही

प्रबन्ध निर्देशक- विक्रम रिजाल
**लुम्बिनी डेरी मिल्क**
वितरण केन्द्र - योगिकुटी, डिङ्गरनगर
आदर्शनगर, बुटवल-६ रूपन्देही सम्पर्कः ९८५७०२५३३५, ९८४७०३६९०९

# पोखरा महानगरपालिकाको सूचना

- महानगर क्षेत्रभित्र हर्नको प्रयोग नगरौं । ध्वनी प्रदुशणको न्युनिकरणमा सवै सचेत बनौं ।
- आफ्नो घर भान्छाको फोहर सड्ने र नसड्ने ( प्राङ्गारिक, अप्राङ्गारिक ) गरि विभाजन गरौं । सड्ने फोहरलाई मल बनाऔं । नसड्ने फोहरलाई बर्गिकरण गरि महानगरपालिकाको फोहर बोक्ने गाडीमा पठाऔं ।
- जथाभावी सडक पेटीमा फोहर नफालौं, सम्भावित जरिवानाबाट बचौं ।
- सडेगलेका बस्तु बिक्रि वितरण र प्रयोग नगरौं ।
- पशु चौपायाहरूलाई खुला र छाडा नछाडौं ।
- सडकपेटी र बाटो अवरुद्ध हुनेगरि निर्माण लगायत कुनैपनि सामाग्री नराखौं ।
- छतको पानीलाई सार्वजनिक बाटोमा नखसालौं । स्वयं घरधनीले उचित व्यवस्थापन गरौं ।
- १६ बर्षभन्दा कम उमेरका बालबालिकालाई श्रममा नलगाऔं ।
- पोलिथिन झोला ( ४० माइक्रोनभन्दा कम ) र गिलास प्रयोग नगरौं ।
- भूकम्प प्रतिरोधात्मक संरचना र आवास निर्माण गरौं ।
- खुल्ला राखिएका, फोहरपानी प्रयोग गरिएका, झिंगा भन्केका माछा मासु खरिद बिक्रि नगरौं/नगराऔं ।
- घर तथा भवन निर्माण पूर्व आफ्नो जग्गाको भूबनोट आदिमा विचार पुऱ्याऔं । विज्ञ प्राविधिकहरूको राय सल्लाह लिएर मात्र कार्य गरौं ।
- समयमै कर तिरौं । सभ्य नागरिकको परिचय दिऔं ।

*जन्म, मृत्यु, विवाह, बसाई सराई लगायतका घटना दर्ताहरू समयमै गरौं ।*

**पोखरा महानगरपालिका**



## सम्पूर्ण महानगरबासीहरूमा हार्दिक अपिल

"जथाभावी फोहर नफालौं, स्वच्छ सफा महानगर बनाऔं ।"

"सबै बालबालिकाहरूलाई अनिवार्य विद्यालय पठाऔं, निरक्षरता उन्मुलन गरौं ।"

"समयमा नै कर तिरौं, समृद्ध महानगर निर्माणमा सहभागी बनौं ।"

भरतपुर महानगरपालिका
चितवन



## शुभकामना

विजया दशमी तथा शुभ-दीपावली एवम् छठ पर्व २०७५ को अवसरमा देश विदेशमा रहनुहुने नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो. बद्रीनाथ श्रेष्ठ

**लक्ष्मी ट्रेडर्स**

धर्मवती-१ बागदुला, पुल्चोक

हामीकहाँ सिमेन्ट, सरिया, ईंटा, जी.आई., पिपिसी, पाइप, कर्कट पाता, ट्वाइलेट तथा बाथरुम फिटिङ, पानी टंकी, रंगरोगन प्लास्टिक पेन्ट पनि पाइन्छ ।



## शुभकामना

विजया दशमी तथा शुभ-दीपावली एवम् छठ पर्व २०७५ को अवसरमा देश विदेशमा रहनुहुने नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

केशव दत्त भट्ट

**न्यू विष्णु इन्टरप्राइजेज**

गोदावरी न.पा.-१ अत्तरिया, कैलाली ।



## शुभकामना

विजया दशमी तथा शुभ-दीपावली एवम् छठ पर्व २०७५ को अवसरमा देश विदेशमा रहनुहुने नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो. चेतन कोइराला

**कोइराला फ्रुट एण्ड भेजिटेबल**

गोदावरी न.पा.-१ अत्तरिया, कैलाली ।



## शुभकामना

विजया दशमी तथा शुभ-दीपावली एवम् छठ पर्व २०७५ को अवसरमा देश विदेशमा रहनुहुने नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो. नईमुद्दीन भाट

**सितारा ट्रेडिङ**

अत्तरिया, कैलाली, ०९१-५५०४३३



## शुभकामना

विजया दशमी तथा शुभ-दीपावली एवम् छठ पर्व २०७५ को विशेष अवसरमा सम्पूर्ण विद्यार्थी, अभिभावक, शिक्षक एवं कर्मचारीहरूमा तथा नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

रामप्रसाद तिमिल्सिना- प्र.अ.

**ए.बी.एम बोर्डिङ स्कुल परिवार**

बनेपा-११, काभ्रे



## शुभकामना

विजया दशमी तथा शुभ-दीपावली एवम् छठ पर्व २०७५ को अवसरमा देश विदेशमा रहनुहुने नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**तिलोत्तम हस्पिटल प्रा.लि. परिवार**

बु.उ.न.पा.-६, हस्पिटललाइन रूपन्देही




**Millennium Model College**

+2 •Science •Management •Humanities •Education

Bachelor [TU] •BSW (3 Years) •BBS (4 Years)

One of the Pioneer College in Chitwan

Millennium Model College
EDEN GRADEN ENG. SEC. SCHOOL
Bharatpur-10, Balmandir Road, Chitwan
Tel: 056-520577 / 526024, 9855082431
Millennium Model College






*Academic Excellence through Quality Education*

**BHUWANI SHANKAR MULTIPLE COLLEGE**

Khairahani, Chitwan (056-582545)
Website: www.bscollege.edu.np



MBS
BBS
B.Ed.
BA Proposed

English & Nepali Medium Classes on Morning & Day Shift

+2 Management Humanities Education



## शुभकामना

नेपालीहरूको महान् चाड बडा दशैं, शुभ दिपावली तथा छठ पर्वको अवसरमा सम्पूर्ण शुभचिन्तक एवं शुभेच्छुकहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नारायण बन- प्रमुख एवम्

**रत्ननगर नगरपालिका परिवार**

रत्ननगर, चितवन



## शुभकामना

नेपालीहरूको महान् चाड बडा दशैं, शुभ दिपावली तथा छठ पर्वको अवसरमा सम्पूर्ण शुभचिन्तक एवं शुभेच्छुकहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो. राधाकृष्ण खनाल

**शिखर हार्डवेयर**

रत्ननगर-१, चितवन, ०५६-५६३२९


## भारतविरोधी...

प्रश्न किन भारत विरोधी बनिरहन्छ र चीन वा अन्य छिमेकी देशको विरोधी बन्न जाँदैन ? नेपाली राष्ट्रियता भारतविरोधी बन्नुका ठोस कारणहरू यस प्रकार रहेका छन् ।

यसको पहिलो कारण हो, माटोको रक्षा । यो प्रश्न भारतले हरेक दिन अतिक्रमण गरिहने देशको सीमा अतिक्रमण, तिनको रक्षाको प्रश्नसँग जोडिएको छ । दोस्रो कुरा, नेपाली स्वाभिमानमाथि हमला । यो हमला नेपालको उत्तरदक्षिणमा रहेका विसाल छिमेकी देशहरूमध्ये भारतबाटै एकतर्फी रूपमा नेपाली स्वाधीनतामाथि हमला हुने गरेको छ । तेस्रो करा, नेपालको शासन प्रशासनको सबैभन्दा माथिल्लो तहमा छानिएका भारतभक्तहरू रहेका हुन्छन् । तिनीहरू दिल्लीको निर्देशनमा चल्ने र चलाइने गर्दछन् । त्यसैले तिनीहरूले देशको विकास होइन, सधैं देशको अवनति हुने काम गर्दछन् ।

चौथो कुरा, भारत एकदमै सक्षम व्यवस्थापनमा लागेको छ । नेपालमा दलाल तथा कठपुतली सरकार निर्माणदेखि राज्यका हरेक संयन्त्रहरूमा प्रमुखहरूदेखि सेक्सनल अफिसर र पियनसम्म पनि आफूले किनेको मान्छे फिट गर्न भारतले चासो लिने र गर्ने गरिरहेको छ । पाँचौ कुरा, भारतले नेपालमा सामाजिक, सांस्कृतिक, आर्थिक र कुटनीतिक तथा अन्य सबै हिसावले उपनिवेश र हस्तक्षेप कायम गर्न चाहन्छ । छैठौं र सबैभन्दा महत्वपूर्ण आत्मगतकारण भनेको नेपालमा देशभक्त तथा क्रान्तिकारी शक्तिहरू छन् । जनतामा देशभक्तिको भावना पाइन्छ । नेपाली जनताले पराइको अतिक्रमण, छहारी र हस्तक्षेप पटक्कै रुचाउँदैनन् । यसले गर्दा जनतामा भारतविरोधी राष्ट्रियता कायम छ ।


## शुभकामना

सम्पूर्ण श्रमजीवी नेपालीहरूमा २०७५ को दशैं, तिहार र छठ पर्वको उपलक्ष्यमा हार्दिक शुभकामना व्यक्त गर्दछु

रामकुमार दोङ

अध्यक्ष- अखिल नेपाल क्रान्तिकारी गलैंचा मजदुर संघ, केन्द्रीय समिति तथा
सदस्य- अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघ, केन्द्रीय समिति



## शुभकामना

विजया दशमी, शुभ-दीपावली तथा छठ पर्व २०७५ को सुखद उपलक्ष्यमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्यको लागि हार्दिक मंगलमय शुभकामना !

**जे.के. इङ्गलिश बोर्डिङ स्कुल**

अत्तरिया, कैलाली



## शुभकामना

विजया दशमी तथा शुभ-दीपावली एवम् छठ पर्व २०७५ को अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

पूर्णबहादुर खड्का
५ नं. वडाध्यक्ष

**कमलामाई नगरपालिका**, सिन्धुली



## शुभकामना

विजया दशमी तथा शुभ-दीपावली एवम् छठ पर्व २०७५ को अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

उज्वल थापा
६ नं. वडाध्यक्ष

**कमलामाई नगरपालिका**, सिन्धुली



## शुभकामना

विजया दशमी तथा शुभ-दीपावली एवम् छठ पर्व २०७५ को अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

महेन्द्र प्रसाद ढकाल
४ नं. वडाध्यक्ष

**कमलामाई नगरपालिका**, सिन्धुली



## शुभकामना

विजया दशमी तथा शुभ-दीपावली एवम् छठ पर्व २०७५ को विशेष अवसरमा सम्पूर्ण विद्यार्थी, अभिभावक, शिक्षक एवं कर्मचारीहरूमा तथा नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

राजकुमार कार्की, अध्यक्ष — कमलेश चौधरी, प्र.अ.

**कमला मा.वि. परिवार**

खट्टार, सिन्धुली



## शुभकामना

विजया दशमी तथा शुभ-दीपावली एवम् छठ पर्व २०७५ को विशेष अवसरमा सम्पूर्ण विद्यार्थी, अभिभावक, शिक्षक एवं कर्मचारीहरूमा तथा नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

लालबहादुर श्रेष्ठ, नि.प्र.अ. — शंकर श्रेष्ठ, अध्यक्ष

**वरुणदेवी मा.वि. परिवार**

खट्टार, सिन्धुली



## शुभकामना

विजया दशमी तथा शुभ-दीपावली एवम् छठ पर्व २०७५ को अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**स्वर्णितपुर ट्रेडिङ्ग प्रा.लि.**

**(खाद्यन्न तथा ग्यास बिक्रेता)**

चन्द्रागिरि नगरपालिका-३, थानकोट, काठमाडौं । फोन नं. ०१-४३११२०६

## आलोपालो

# भारतविरोधी नेपाली राष्ट्रियता


● सन्दर्भ काफ्ले

नेपालमा राष्ट्रिय स्वाभिमानको प्रश्न फेरि एकपटक केन्द्रीय प्रश्न बनेर देखा परेको छ । नेपालीहरू माझमा विस्तारै यो प्रश्न झांगिदै र मौलाउँदै गइरहेको छ । यद्यपि यो प्रश्न नेपालमा लामो समयदेखि र लामो समयसम्म सदावहार प्रश्नको रूपमा देखा भने परिरहने देखिन्छ । यसका खास कारणहरू छन् जसका कारणले नेपालको राष्ट्रियताको प्रश्न निरन्तर उठ्ने र उठाइने गरिइरहेका छन् । यो प्रश्न नेपालको सन्दर्भमा भारत विरोधीका साथै अमेरिका विरोधी पनि रहँदै आएको छ । प्रश्न यहाँ नेपालको राष्ट्रियताको ...बाँकी ७ पेजमा


**शुभकामना**

विजया दशमी, शुभ-दीपावली तथा छठ पर्व २०७५ को सुखद उपलक्ष्यमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्यको लागि हार्दिक मंगलमय शुभकामना !

**न्यू अरुणोदय इङ्गलिश सेकेण्डरी स्कुल**
प्रधानाध्यापक तथा विद्यालय परिवार
बिजेश्वरी, डल्लु-१५, काठमाडौं




**शुभकामना**


विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७५ को अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना !

झग ब. वि.क., अध्यक्ष-
**सरुमारानी गाउँपालिका**
५ नं. प्रदेश, प्यूठान

**शुभकामना**

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७५ को अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना !

**गंगाप्रसाद सुवाल**
सल्लाघारी, भक्तपुर




प्रो. नबिन पौडेल मो.: ९८६७७६३३७६
**नबिन स्वीट एण्ड चाट**
देवदह, खैरेनी, रुपन्देही
हामीकहाँ शुद्ध घ्युबाट बनेका मिठाई पाउनुको साथै घ्यु पनिर, दही, दुध आईसक्रिम र नास्ताको पनि पाईन्छ ।

**शुभकामना**

नेपालीहरूको महान् पर्व विजयी दशमी २०७५ को उपलक्ष्यमा यहाँहरूको सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै मादक पदार्थ र लागुपदार्थ सेवनको कुलतबाट आफू बचौं र अरुलाई पनि बचाऔं ।

श्री अशोक थापा — अध्यक्ष
श्री मीना भण्डारी — उपाध्यक्ष
श्री राम प्रसाद शर्मा — प्रमुख प्रशासकीय अधिकृत

**गुल्मी दरबार गाउँपालिका, गुल्मी**




**शुभकामना**

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७५ को अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना !

प्रो. भरतमणि पौडेल
**स्वर्गद्वारी गोल्ड प्लेटेड एण्ड ज्वेलरी**
प्यूठान नगरपालिका-१, बिजवार प्यूठान,
फोन ९८४७८४५३५१
हामीकहाँ सुनको पालिस लगाइएका ग्यारेन्टी गहनाहरू उनी धागो खेलौना तथा कस्मेटिक सामाग्रीहरू सुपथ मूल्यमा उपलब्ध छ ।




**शुभकामना**

विजया दशमी, शुभदीपावली तथा छठ पर्व २०७५ को अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना !

अध्यक्ष- रामप्रसाद घिमिरे
प्रधानाध्यापक- कृष्णप्रसाद पौडेल
**रामापुर मा.वि.**
सैनामैना-६, रूपन्देही


**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : सचिरनन्द महर्जन, फोटोः जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।